# लोक सेवा आयोग
# बुटवल कार्यालय
(परीक्षा शाखा)

बुटवल, रूपन्देही

## रा.प. तृतीय श्रेणी (प्राविधिक), इञ्जिनियर पदको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना।

**सूचना नं. ९०/०८२-८३, मिति २०८२/११/१७ गते**

लोक सेवा आयोग, केन्द्रीय कार्यालयको वि.नं. **१७२४४-१७२४९/०८२-८३ (खुला तथा समावेशी)**, **नेपाल इञ्जिनियरिङ्ग** सेवा, **सिभिल** समूह, **जनरल/हाइवे/स्यानिटरी/इरिगेशन/हाइड्रोपावर** उपसमूह, **रा.प. तृतीय श्रेणी (प्राविधिक)**, **इञ्जिनियर** पदमा **बुटवल परीक्षा केन्द्र** राखी Online दरखास्त फाराम स्वीकृत भएका उम्मेदवारहरूको लिखित परीक्षा आयोगको पूर्व निर्धारित परीक्षा कार्यक्रम अनुसार निम्न मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै सहयोगी लेखक आवश्यक पर्ने उम्मेदवारहरूले सहयोगी लेखक माग गर्नु पर्ने कारण र प्रमाण सहितका कागजातहरू संलग्न राखी लोक सेवा आयोग नियमावली, २०७९ को नियम ६८ (१) बमोजिम परीक्षा सुरू हुने मिति भन्दा १० (दश) दिन अगावै यस कार्यालयमा निवेदन दिनु पर्नेछ। परीक्षार्थीहरूले पालना गर्नु पर्ने नियमहरू **द्रष्टव्य**मा उल्लेख गरिएको छ।

**परीक्षा कार्यक्रम**

| पत्र | विषय | खण्ड | पूर्णाङ्क | परीक्षा प्रणाली | परीक्षा मिति | परीक्षा समय र अवधि |
|---|---|---|---|---|---|---|
| प्रथम | General Subject | Part I: (General Awareness & General Reasoning Test)<br>Part II: (General Technical Subject) | १०० | वस्तुगत (बहुवैकल्पिक) | २०८२/१२/०८ गते | बिहान ९:०० बजे (१ घण्टा ३० मिनेट) |
| द्वितीय | Technical Subject | | १०० | विषयगत | २०८२/१२/०९ गते | बिहान ९:०० बजे (३ घण्टा) |

**परीक्षा भवन**

| क्र. सं. | रोल नं. | | परीक्षार्थी संख्या | परीक्षा भवन |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १. | ५५०००१ | ५५०२०० | २०० | श्री सिद्धार्थ गौतम बुद्ध क्याम्पस, हाटबजारलाईन, बुटवल (केन्द्र-"क") |
| २. | ५५०२०१ | ५५०२८१ | ८१ | श्री सिद्धार्थ गौतम बुद्ध क्याम्पस, हाटबजारलाईन, बुटवल (केन्द्र-"ख") |

**द्रष्टव्य:**

१. उम्मेदवारले उत्तरपुस्तिकामा **कालो मसी भएको डटपेन/कलम** मात्र प्रयोग गर्नुपर्नेछ।
२. तोकिएको परीक्षा भवनमा परीक्षा शुरू हुनुभन्दा कम्तिमा १ (एक) घण्टा अगावै पुग्नु पर्नेछ।
३. प्रवेशपत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित गराइने छैन साथै उम्मेदवारले **प्रवेशपत्र** सँगै आफ्नो **नागरिकता** वा नेपाल सरकारबाट जारी भएको फोटो सहितको कुनै सक्कलै परिचयपत्र अनिवार्य रुपमा लिई आउनुपर्नेछ।
४. परीक्षा भवनमा झोला, मोबाईल फोन, क्यालकुलेटर तथा अन्य इलेक्ट्रोनिक डिभाइसहरु लैजान निषेध गरिएको छ।
५. तोकिएको परीक्षा भवन बाहेक अन्य परीक्षा भवनहरूमा कुनै पनि उम्मेदवारहरूलाई सम्मिलित गराईने छैन।
६. परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा कार्यक्रम स्थगित हुनेछैन।

(पुरुषोत्तम चौधरी)
**कम्प्युटर अपरेटर**

(चेतन कुमार अधिकारी)
**नायब सुब्बा**

(हर्क बहादुर रोका)
**शाखा अधिकृत**